# के वातावरणलाई सँधै स्वच्छ राख्न सकिन्छ ?

- *कपिल लोहनी* *

परापुर्वकालमा हिमालयको सेरोफेरोमा पुग्न निकै बाक्लो र ठुलो जंगल पार गरेर उकाली ओराली गर्दै जानुपर्दथ्यो रे । घना जंगल मात्र होइन, त्यहाँ भएका जंगली जनावर, पशुपंक्षी, शर्प, गोही, जलचर, किरा-फट्यांग्रा, भिर, पाखा, खोला, नाला, पोखरी, लहरा, पहरा, छिचोल्दै हिँड्नु पर्दथ्यो रे । तर यसरी हिमालको काखमा पुगेपछि भने जो कोही पनि यहाँको सौन्दर्य र मानव अनुकुल मौषमी हावा पानीले गर्दा मन्त्रमुग्ध भएर यतै बस्न खोज्थे रे । विभिन्न कालखण्डमा धेरै ऋषिमुनीहरुले हिमालय कै काखमा आएर तपस्या गरेको र ज्ञान प्राप्त गरेका कुराहरु शास्त्रहरुमा पढ्न पाइन्छ । भारतवर्षका ठुला राजा-महाराजाहरु पनि उता युद्धमा पराजित हुनुपर्दा र त्यताको गर्मीले सताउने गरेकाले पनि हिमालयको काखमा गएर बरु सानो राज्य स्थापना गरेर भएपनि बस्न पाए सुरक्षित हुने ठान्दथे रे । यसरी नेपालमा शासन गरेका कैयन् बाइसे-चौबिसे राजाहरुको उद्गम स्थल भारतवर्ष नै भएको कुराको इतिहासमा उल्लेख छ ।  भन्ने नै हो भने हामी मध्ये पनि धेरैका पुर्खाहरु हिमालयको चारै दिशाबाट यो स्वर्गस्थलीमा आरामको जीवनयापन गर्न विभिन्न समयमा आएका हुन् र आजसम्म पनि यो क्रम जारी नै छ ।

हामी साना छँदाको नेपाल पनि निकै हराभरा थियो । घना चारकोशे झाडीले पहाड र तराईलाई पुरै छुट्टाएको हुन्थ्यो भने आजको मधेशका कैयन् भागहरु पनि वन-जंगलले नै ढाकिएका थिए । काश्मिर देखि पुर्वी हिमालयसम्म नै यस्तै हरियाली र मनमोहक वातावरण थियो ।  सन् १९७५-८० सम्म पनि विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौँडा, भरतपुर, भैरहवा, नेपालगञ्ज, धनगढी, काठमाडौँ, धुलिखेल, पोखरा, नुवाकोट, आदि तथा पुरै तराईको भुभाग निकै खुल्ला तथा हराभरा थियो । तराई र मधेशमा सिमसार जमिनहरु र हरियाली निकै हुने भएकोले यो क्षेत्र पशुपंछी र जलचरहरुको लागि स्वर्गसरी नै थियो र यहाँ खेतीपाती पनि निकै राम्रो हुन्थ्यो । पोखराको सौन्दर्य आजको भन्दा धेरै गुणा बढी थियो भने फेवाताल स्वच्छ र आज भन्दा ठुलो क्षेत्रफलमा फैलिएको थियो । आज ग्लोबल वार्मिंग (global warming) ले गर्दा हिउँ पग्लिएर कालो पथ्थर मात्र धेरै देखिने बाँझा हिमालहरु त्यतिबेला पुरै हिउँले ढाकिएका हुन्थे भने आजका नांगा पहाडहरु पनि हरिया हुन्थे । हराभरा वातावरण र खेतै खेतले भरिएको तथा चारै तिर हरियो वनले भरिभराउ काठमाडौँ उपत्यकामा पानीको कहिल्यै दुख हुँदैनथ्यो र मौषम पनि निकै मनमोहक हुन्थ्यो । सयौँ तलाउ र पोखरीका साथै सिँचाइका कुलाहरु र खानेपानीका ढुंगेधाराहरु ठाउँ ठाउँमा देख्न पाइन्थ्यो । आजका भृकुटीमण्डप, माइतीघर, वानेश्वर, अनामनगर, वागमती, रुद्रमती, विष्णुमती र मनहराका फाँटहरु र अझ टाढाका वालाजु, चोभार, किर्तिपुर, थानकोट, पाटन, थिमी, भक्तपुर, वनेपा, धुलिखेल र पाँचखाल समेत निकै मलिला, खुला र हराभरा थिए ।

विकास र समुन्नतीको सबैभन्दा महत्वपुर्ण पुर्वाधार नै यातायातको विकास हो र त्यसमा पनि सडक यातायात सबैभन्दा सरल र सुलभ हुन्छ । नेपालमा पनि राणा शासनको समयसम्म नगण्य मात्रामा रहेका सडकहरुको आज आएर देशभरी हजारौँ किलोमिटरको सञ्जाल बनिसकेको छ । एउटै गाउँमा पुग्ने आधा दर्जनसम्म सडकहरु पनि छन् । त्यसमा पनि अधिकांश धुलो उढाउने कच्ची सडक । सडकसँगै राजधानी र विभिन्न शहरमा बस्नेहरुको संख्यामा अकल्पनिय वृद्धि हुन थाल्यो भने नयाँ नयाँ शहरहरुको पनि निर्माण हुन थाल्यो । वढ्दो जनसंख्यालाई चाहिने सबै खाले आवश्यकता पुरा गर्न

खाली जमिनमा कुनै योजना विनाका घर र टहरा, वनजंगल फँडानी, खोला-नालामा ढल, फोहर, सिनो र विषादी मिसाउने, बिच शहरमा औद्योगिक क्षेत्र, ईटा भट्टा र घर घरमा उद्योगधन्दा, भुमिगत पानीको तिव्र दोहन, सडकले धान्न नसक्ने गरी सवारी साधनको आयात र फलस्वरुव फोहर, धुवाँ र धुलोले वातावरण धुमिल पार्ने, आदि, इत्यादी स्थितिले गर्दा आज हिमालयको काखमा अवस्थित सुन्दर नेपालको गाउँ, शहर र अधिकांश भुभाग बस्नै नहुने गरी प्रदुषित भएको छ। नेपालको मात्र यस्तो हालत भएको भने होइन, विश्व कै अधिकांश क्षेत्रको यस्तै हविगत भएको छ। भारत कै कुरा गर्दा बुढापाकाहरुले भने अनुसार कुनै वखत दिल्ली, पटना, लखनउ र वनारसबाट समेत टाढा टाढाका हिमाल-पहाडहरु देखिन्थे रे तर आज आएर ती शहरहरु पनि चरम प्रदुषणले गर्दा बस्नै नहुने भएका छन् । बरु आजको लकडाउनको समयमा फेरी कैयन् यस्ता ठाउँहरुबाट टाढा टाढाका हिमाल पहाडहरु देखिन थालेका छन् अरे ।

मानव जातीले विज्ञान तथा प्रविधि र सबै क्षेत्रमा त्यति धेरै प्रगति गरेको भएता पनि प्रकृतिको निकै खिल्ली उडाएर यसको अनुचित दोहन गरेकोले नै होला आज पशुपंक्षी र वोटविरुवालाई कुनै हानी नोक्सानी नहुने गरी कोरोना भाइरसले मानव जातीलाई मात्र आफ्नो शिकार बनाएको । यो भाइरसबाट बच्ने कुनै औषधी आजसम्म नबनेकोले स्वस्थ भएर बस्ने एउटै मात्र उपाय भनेको सामाजिक दुरी राख्ने, व्यक्तिगत सरसफाइमा विषेश ध्यान दिने र यतिबेला सकेसम्म घरमा नै बस्ने बानी बसाल्ने नै हो । तर यस्तो अवस्थामा पनि मानव जातीले अनुशाषित भएर नियमको पालना गर्न जानेको देखिँदैन, त्यसैले विश्वभरका अधिकांश मुलुकहरुलाई बन्द गरेर मानिसहरुलाई घरघरै बस्ने उर्दी नै जारी गर्नु परेको छ । नेपाल पनि झण्डै ५० दिन देखि लकडाउनको स्थितिमा नै छ । यसरी बन्दाबन्दीको स्थितिमा बस्नुपर्दा निकै असहज परिस्थितिको सिर्जना हुन पुगे पनि घर घरमा परिवारका सदस्यहरु लामो समयपछि पहिलो पल्ट सँगै बसेर भलाकुसारी गर्न पाएका छन् भने जीवनका भावी योजनाका खाकाहरु पनि बनाउन पाएका छन् । लकडाउन कै कारण सँधै व्यस्त जीवनयापन गरिरहेका कैयन मानिसहरुले एक किसिमले ठुलो थकाइ मेट्न पाएका छन् र "जीवनको के भरोसा रहेछ र सँधै धन नै कमाउने चाहना राख्नलाई" भन्ने ज्ञान पनि पाउन थालेका छन् । यसरी सामाजिक दुरी राख्नु पर्ने यो समयले वास्तवमा परिवारमा निकटता ल्याएको छ । त्यस्तै दुई महिना भन्दा पनि लामो समयसम्म चल्न सक्ने यो लकडाउनले विश्व कै वातावरणलाई तग्रिने मौका दिएको छ । आज काठमाडौं लगायत नेपाल तथा विश्व कै सबै गाउँ-शहर स्वच्छ र धुवाँ-धुलो रहित र हराभरा हुँदै गइरहेका छन् । शहरका घर घरमा फेरी नयाँ नयाँ प्रकारका चरा चुरुंगीहरु देखिन थालेका छन् भने वोट विरुवाहरुको हरीयाली र रंगीचंगी फुलहरुको मज्जा लिन पनि पाइएको छ ।

तर एउटै प्रश्न के उठ्छ भने, के अहिले अप्रत्याशित रुपमा सुधार भएको यस्तै स्वच्छ वातावरण अब सँधै रहन्छ त ? लकडाउन खुलेपछि सलह झैं अरवौं मानिसहरु हिजोका सबै दुख, दर्द र जज्वात बिर्सेर घर बाहिर निस्कने कुरामा कुनै शंका छैन । मानिस बाहिर निस्कने भनेको सबैखाले व्यवसायहरु पुनः खुल्ने र स्थिति पहिलेको जस्तै तथाकथित सामान्य हुँदै जाने हो । अनि आज केही समय मात्र भएपनि विश्राम लिन पाएको प्रकृतिको फेरी दोहन शुरु हुनेछ । लाखौंको संख्यामा सवारीका साधन चल्न थाल्नेछन्, कलकारखाना फेरी शुरु हुनेछन् र फेरी धुवाँ, धुलो, फोहर, कोलाहल र दुर्गन्धले वातावरण भरिँदै जानेछ र केही हप्तामा नै आजको स्वच्छ वातावरण एक सपना जस्तो हुन पुग्नेछ ।

त्यसैले पनि सरकारी, नीजि क्षेत्र, समुदाय र व्यक्तिगत पहलबाट समेत आउँदा दिनहरुमा हाम्रो अगाडीको वातावरणलाई सकेसम्म स्वच्छ कसरी राख्न सकिन्छ भनेर सोच्ने र सोको लागि अविलम्व कार्यारम्भ गर्ने बेला आइसकेको छ । आफ्नो आजसम्मको जीवनमा विभिन्न विकसित र विकासशिल मुलुकहरुको भ्रमण गर्ने अवसर मिल्यो मलाई । तर वातावरणको संरक्षणको कुरामा अष्ट्रेलिया र न्युजिल्याण्डले अंगालेका जस्ता व्यावहारिक र सफल नीति अवलम्वन गर्ने राष्ट्र मैले विरलै देखें । सर्सर्ती विचार गर्दा वातावरण सुधार र संरक्षणका लागि हामीले खासगरी तल उल्लेखित मुख्य बुँदाहरुलाई तत्काल र दिर्घकालिन रुपमा अवलम्वन गर्दा निकै राम्रो नतिजा प्राप्त हुनेछ ।

**वन संरक्षण :** वातावरणलाई जोगाएर राख्न वनजंगलको ठुलो महत्व हुन्छ । वि.सं. २०७१ सालमा लिइएको वन पैदावार सर्वेक्षणले नेपालमा वनजंगलले चर्चेको क्षेत्र बढ्दै गएको देखाएको छ, जसअनुसार कुल क्षेत्रफलको करिव ४५ प्रतिशत यानी ६० लाख हेक्टर भूमि वन तथा घना झाडीले ढाकिएको छ । वि.सं. २०४५ साल तिर लिइएको यस्तै खाले वन पैदावार सर्वेक्षणले त्यतिबेला करिव ४० प्रतिशत वन भएको देखाएको थियो । वातावरणमा भएका विषालु तत्वहरु सोस्न, अक्सिजन बढी से बढी उत्पादन गर्न, पानीको भूमिगत भण्डारण बढाउन र मौषममा अनुकुलता ल्याउन वनजंगलले ठुलो भूमिका खेलेको हुन्छ । त्यसैले पनि मुलुकमा वन संरक्षण सम्बन्धि अनेकन राम्रा योजनाहरु दशकौंदेखि चलिरहेकाले वन क्षेत्र पनि बढिरहेको भएता पनि सरकारले वन विकासको वृहत संशोधित गुरुयोजना बनाएर मुलुकका सबै ठाउँहरुमा तथा खासगरी पहाडी क्षेत्रका बाँझा जमीनहरुमा मौषम सुहाउँदा विरुवाहरु लाखौँको संख्यामा रोप्ने र तिनीहरु नहर्केसम्म तिनको सम्वर्द्धन गर्ने अभियान नै चलाउनु पर्ने बेला आइसकेको छ । मुलुकको प्रचलित कानुनमा विभिन्न विकास कार्य गर्दा ठाउँ ठाउँमा रुख कटान गर्नुपर्ने वाध्यता भएमा तिनको क्षतिपुर्तिका लागि गर्नुपर्ने वृक्षरोपणको वारेमा पनि स्पष्ट रुपमा लेखिएको भएता पनि व्यवहारमा यसको अक्षरशः पालना खासै भएको पाईँदैन । त्यस्तै वनजंगलमा लाग्ने डढेलो रोक्न पनि आवश्यक कदमहरु चालिएको देखिँदैन, जसले गर्दा डढेलोले वर्षेनी वनजंगलको ठुलो भाग, जीवजन्तु र व्यक्तिगत सम्पत्ती नष्ट गरिरहेको छ । सरकारी स्तरमा मात्र होइन, वृक्षरोपण र वन तथा वोट-विरुवाको संरक्षण सम्बन्धि अभियान सामुदायिक, पारिवारिक र व्यक्तिगत स्तरमा समेत शुरु हुनु जरुरी भएको छ र यसमा स्थानीय सरकारले उत्प्रेरक (catalyst) को रुपमा ठुलो भूमिका खेल्न सक्दछ ।

**भू-संरक्षण :** वन र पुर्वाधार विकासका क्रममा जिम्मेवार भई कार्य गर्न सकेमा मात्र हाम्रो जस्तो कमजोर भूवनोट भएको पहाडी मुलुकमा वाढी-पहिरो नियन्त्रण गरेर भूसंरक्षण गर्न सकिन्थ्यो । नदी र ढुंगा-वालुवाको अप्राकृतिक दोहन रोक्नुका साथै सडक निर्माण गर्दा भिर-पाखाहरुमा रुख, विरुवा र घाँस रोपेर, र भूक्षय नहुने गरी पहिरो रोक्ने पर्खाल (retaining wall) र पानी बग्ने कुलेसा र पुलेसा (colvert) हरु र नदीमा आवश्यक ठाउँहरुमा बाँध बाँधेर पानीलाई नियन्त्रण गर्न सकिन्छ ।

**पुर्वाधार निर्माण :** विभिन्न किसिमका विकासका पुर्वाधारहरु जस्तै सडक खन्दा लामो समयसम्म कालोपत्रे नगरेर छोडिँदा धुलो, हिलो र धुवाँको समेत समस्या बढ्ने हुनाले ग्राभेल मात्र गरेर छोडिने सडकको निर्माणमा रोक लगाउनु जरुरी हुन्छ भने सडक बन्न शुरु भएपछि त्यसलाई कालोपत्रे गरेर मात्र चालु गर्ने नीति सरकारले अंगाल्नु पर्छ । त्यस्तै सडकको चौडाईको आधारमा कस्ता सडकमा कति टन सम्मका सवारी साधन गुड्न दिने भन्ने नीति पनि सरकारले निर्माण गरेर कार्यान्वयनमा ल्याउनु पर्दछ । ठुला ट्रक र बसलाई चौडा सडकमा मात्र चल्न दिएर साँघुरा सडकमा साना सवारीका साधन

मात्र चल्न दिनु उचित हुन्छ । शहरी क्षेत्रमा पनि ठुला मालवाहक गाडीहरुलाई निषेध नै गर्नुपर्दछ । शहरको बाहिरी भागमा ड्राइपोर्टहरुको निर्माण गरेर सामान झार्ने तथा त्यहाँ देखि भित्री शहरसम्म निश्चित समयमा मात्र साना गाडीहरुमा सामान ओसार्ने वन्दोवस्त गर्नुपर्छ । शहरका मुल सडकहरुमा सकेसम्म ठुला यात्रुवाहक बसहरु मात्र चल्न दिनुपर्छ भने भित्री शहरमा भने साना यात्रुवाहक बसहरु चल्न दिनुपर्छ । बिजुलीबाट चल्ने यातायातका साधनहरुलाई अति नै प्रोत्साहित गरिनु पर्छ भने साइकल लेनहरुको विकास गरेर साइकल यात्रुहरुको संख्या बढाउने कोशिशमा समेत लाग्नु पर्छ ।

यतिमात्र होइन, मुल सडक र बजार क्षेत्र तथा गल्लीहरुमा अनावश्यक भिड र पार्किङ गर्ने तथा ध्वनी प्रदुषण गर्ने सवारी साधनहरुलाई हतोत्साहित गर्न वैज्ञानिक तथा इलेक्ट्रोनिक प्रणालीहरुको विकास गरेर विभिन्न प्रकारका कर र जरिवानाहरु लागु गर्नुपर्छ भने जनतालाई सकेसम्म सार्वजनिक सवारीका साधनहरुको उपभोग गर्न प्रोत्साहित गर्नुपर्छ । सवारीका साधनहरुको प्रदुषण मापन गर्ने गरेको भनिए पनि कैयन् हरिया स्टिकर टाँसेर चल्ने वाहनहरुले पनि ठुलै मुस्लो धुवाँ फ्याँकेर गुडिरहेका हुन्छन् । त्यसैले नीजि, सार्वजनिक वा सरकारी सबै किसिमका सवारीका साधनहरुको नियमित जाँच गर्ने र तिनलाई सफा-सुग्घर राख्न पनि कडाई गर्नुपर्ने स्थिति छ ।

**प्रदुषण नियन्त्रण** : हाल परिक्षण आयोजना (Pilot Project) को रुपमा मात्र सञ्चालित शहर भित्रबाट बग्ने नदी तथा खोलानालामा ढल मिसिन नदिई ढलको छुट्टै व्यवस्था र ठाउँ ठाउँमा पानी प्रशोधन र मल उत्पादन गर्ने केन्द्रहरुको निर्माणलाई वृहत्तर रुपमा अगाडी बढाउनु पर्दछ र नदीनालाको छेउछाउमा पनि छिटो बढ्ने वोटविरुवाहरु रोपिनु पर्दछ । हाल औद्योगिक र अन्य प्रयोजनका रसायनबाट निस्कने फोहर पनि नदीनालामा मिसाउने गरिएकोमा यस्तो कार्य तत्काल बन्द गरिनु पर्दछ । मुलुकको शहरी क्षेत्रमा जहाँ जहाँ पनि खाली जग्गा जमिन छन्, त्यस्ता ठाउँमा हरियालीका साथै सफा, सरल र कम खर्चमा बन्ने खालका खुला पार्क र तलाउहरु निर्माण गरिनु पर्दछ । त्यस्तै शहरी जग्गा र नदी किनार ओगटेर बसेका वास्तविक सुकुम्वासीहरुलाई उचित ठाउँमा विक्री गर्न नमिल्ने बासस्थानको व्यवस्था गरी हालको ठाउँलाई खुला हरित पार्कमा नै रुपान्तरण गरिनु पर्दछ । यस्ता पार्क तथा तलाउहरुमा चरा-चुरुंगी र जलचरहरुको शिकार गर्न निषेध गरिनु पर्दछ । त्यस्तै ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक हिसाबले महत्वपुर्ण स्थलहरु र शिक्षा तथा स्वास्थ्य सम्बन्धि संस्थाहरुको सफाईमा विशेष ध्यान दिनुका साथै यस्ता ठाउँहरुमा ध्वनी प्रदुषण समेत हुन दिनु हुँदैन । सरकारले निर्माण गरिदिए पश्चात स्थानीय सरकार र जनसमुदायको साझेदारीमा यस्ता सार्वजनिक स्थलहरुको व्यवस्थापन हुनु उत्तम हुन्छ ।

**फोहरमैला व्यवस्थापन** : हाल नेपालमा फोहरमैला व्यवस्थापन भन्नाले घर, टोल र शहरबाट फोहर जम्मा गरेर विस्थापन क्षेत्र (Dumping Site) मा लगेर फ्याँक्ने काम भन्ने मात्र बुझिन्छ । यसरी फोहर लगेर कुनै ठाउँमा फ्याँक्ने मात्र हो भने त त्यस्तो ठाउँ भरिएर फेरी अर्को ठाउँको खोजी गर्नुपर्ने अवस्था पनि छिटो छिटो आउँछ भने सो क्षेत्रमा दुर्गन्ध र महामारी बढ्ने, सिनो र फोहर खान अनेक प्रकारका जनावर र गिद्धहरु घुमिराख्ने तथा विस्थापन क्षेत्रबाट फोहर रसाएर भूमिगत पानीमा पुगेर रोगहरुको संक्रमण बढाउने खतरा रहन्छ । हुन त हिजो आज विदेशमा जस्तै नेपालका पनि कैयन् नगरपालिकाहरुमा घर घरमा नै फोहर बटुल्ने गरिन्छ, तर यो प्रकृयामा पनि निकै सुधार गर्नु जरुरी छ ।

सामान्यतया नेपालका शहरी क्षेत्रमा उत्पादन हुने फोहरमैलामा झण्डै ६० प्रतिशत फोहर घरायसी प्रकृतिका हुन्छन् भने कुल फोहरमैलामा करिव ५६ प्रतिशत जैविक फोहर (organic waste), १६ प्रतिशत प्लास्टिक (plastic) र १६ प्रतिशत कागज (paper & paper products) र बाँकी १२ प्रतिशत अन्य वस्तुहरु जस्तै बिग्रेका सामान तथा निर्माण सामग्रीहरु, काँच तथा विभिन्न धातुहरु आदि हुन्छन् । यसरी नेपालमा उत्पादन हुने अधिकांश फोहरबाट प्रांगारिक मल बनाउन र पुनर्प्रशोधन गर्न सकिने र १० प्रतिशत फोहर मात्र ठोस फोहर (solid waste) को रुपमा विस्थापन क्षेत्रमा फ्याँक्ने बनाउन सकिन्छ । यो सब कुरा सरकारले आफै गर्ने भन्दा पनि आकर्षक नीतिहरु बनाएर नीजि क्षेत्र वा वृहत्तर नीजि-सार्वजनिक साझेदारीका कम्पनीहरुलाई दिन सके अत्याधुनिक कारखाना नै स्थापना गरेर सबै प्रदेशमा फोहरमैलाबाट प्रांगारिक मल र विजुलीका साथै विभिन्न वस्तुहरुको उत्पादन गरेर फोहरबाट ठुलो धन कमाउन र केही हदसम्म कैयन् वस्तुको आयात प्रतिस्थापन गर्न सकिने थियो र वातावरणलाई पनि स्वच्छ राख्न मद्दत पुग्ने थियो । आफ्नो घरको फोहर विक्री गरेर केही आय समेत आर्जन गर्न सकिने प्रणालीको पनि विकास गर्न सकिन्छ र समुदायलाई नै वातावरण संरक्षण तर्फ प्रेरित गर्न सकिन्छ यही प्रकृया मार्फत ।

**घरमा तरकारी बाली** : सानो करेसा बारी बनाउने ठाउँ भएका घरहरु वा त्यो पनि नभए घरका कौसीहरुमा पनि तरकारी, फलफुल र फुलवारी बनाउन सकिन्छ । यसो गर्नाले घरबाट निस्केका कुहिने वस्तुहरुबाट घरैमा प्रांगारिक मल बनाउन सकिने, सिँचाईको लागि एकाध ड्रम वर्षातको पानी (rain water) जम्मा गरेर राख्ने बानी पनि बस्ने, मन बहलिने तथा घरमा एकाध छाक आफ्नै मेहनतले उत्पादन भएका स्वच्छ सागसब्जी खान पनि पाईने र फुलहरु पनि ढकमक्क फुल्ने अनि समाजमा हरियाली ल्याउन आफ्नो तर्फबाट पनि केही प्रयास भएको आभास हुने भएकोले सबै जनसाधारणले नगरी नहुने काम हो यो ।

**औद्योगिक क्षेत्रको व्यवस्थापन** : शहरी क्षेत्र र त्यसमा पनि खासगरी चारैतिर पहाडले घेरिएका उपत्यकाहरुमा रहेका शहरहरु भित्र कल-कारखाना खोल्न निशेधित गर्नुपर्छ । यसरी शहरहरुमा खोलिएका औद्योगिक क्षेत्रहरुलाई पनि क्रमैसँग विस्थापित गर्दै लग्नु पर्दछ । यसको शुरुवातको रुपमा हाल भइरहेका अति आवश्यक प्रशोधन केन्द्रहरु जस्तै दुधका डेरी, बेकरी, चामल, तेल तथा पिठोका मिलहरु जस्ता कम प्रदुषण गर्ने साना उद्योगलाई मात्र उपत्यकाहरुमा रहन दिएर अन्यलाई नयाँ औद्योगिक क्षेत्रहरुमा स्थानान्तरण गरिनु पर्दछ । त्यस्तै अन्य शहरहरुमा खोलिएका कारखानाहरुलाई प्रदुषणको उचित मापदण्डलाई पछ्याउने गरी मात्र चल्न दिनु पर्दछ । निकट भविश्यमा भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सम्पन्न हुनलागेको परिप्रेक्ष्यमा त्यस्ता राजधानी र उपत्यका बाहिर सञ्चालन हुने अन्तर्राष्ट्रिय विमानस्थलहरुबाट १००-२०० किलोमिटरको दुरीमा निर्यात प्रवर्द्धन क्षेत्र (Export Promotion Zone) हरुको स्थापना गरेर मुलुकका हवाई मार्गबाट निर्यात गर्न सकिने वस्तुहरु जस्तै कार्पेट, तयारी पोशाक तथा अन्य निर्यातमुलक वस्तुहरुका कारखानाहरु त्यता मात्र स्थापना गर्ने व्यवस्था हुनुपर्छ । यसो गर्न सकेमा मुलुकमा विदेशी लगानी र प्रविधि भित्रने, निर्यात हुने वस्तुहरुको उत्पादन एकै ठाउँबाट हुने तथा उद्योगहरुबाट निस्कने फोहरहरुको पनि उचित व्यवस्थापन गर्न सहज हुने थियो ।

**पानी, विद्युत तथा अन्य उर्जाको सही उपभोग** : हाम्रा घर घरमा खानेपानी र बिजुली पुऱ्याउन सम्बन्धित निकायले कत्ति मुस्किलका साथ व्यवस्था मिलाएको हुन्छ र यो कार्यमा पनि वातावरण

संरक्षण कसरी जोडिएको छ भन्ने कुरा हामीले बुझ्नु जरुरी हुन्छ । त्यसैले यस्ता अति आवश्यक वस्तुहरुको उपभोग गर्दा हामी निकै जिम्मेवार हुनुपर्ने हुन्छ । त्यस्तै ग्यास तथा पेट्रोलियम पदार्थको पनि आवश्यकता अनुसार मात्र उपभोग गर्नाले वातावरणमा कम प्रदुषण हुनुका साथै मुलुकको ढुकुटीलाई पनि केही हदसम्म राहत दिन सकिन्छ ।

**धुम्रपान, सुर्ती र पान सेवन रोकौं :** धुम्रपान, सुर्ती र पानको सेवन पनि वातावरण प्रदुषणको एउटा कारक तत्व हो । यस्ता अम्मलहरुको सेवनले धुम्रपान, सुर्ती र पान सेवन गर्ने व्यक्ति, उसको नजिक बस्ने व्यक्ति र पुरै समाजको स्वास्थ्य बिगार्न ठुलो भूमिका खेल्छ । जताततै चुरोटका ठुटाहरु, सुर्तीका प्याकेटहरु फ्याँकिनाले र पान थुकेका घिनलाग्दा ठाउँहरुले पुरै इलाका फोहर र दुर्गन्धित बनाईदिन्छन् भने यस्ता वस्तुहरु पानीमा मिसिएपछि फोहर र संक्रमण झनै बढेर जान्छ ।

**व्याट्रीको प्रयोग :** आजकल विभिन्न किसिमका व्याट्रीहरुको प्रयोग झनै बढ्दै गएको छ । सवारीका साधन, इन्भर्टर, सौर्य उर्जा, विभिन्न इलेक्ट्रोनिक सामानहरु आदिमा व्याट्रीको प्रयोग गरिन्छ र तिनको आयु सकिए पछि अन्य फोहरहरु सँगै तिनलाई पनि असुरक्षित तवरले फ्याँकिन्छ । त्यसैले सकेसम्म शुरुमा केही महँगो पर्ने भएपनि पुनः प्रयोग गर्न मिल्ने व्याट्रीहरु प्रयोग गर्नु उत्तम हुन्छ र प्रयोगहिन व्याट्रीहरुलाई सुरक्षित तवरले मिल्काउनु पर्छ तथा यसमा फोहरमैला व्यवस्थापन गर्ने काम पाएका निकायहरुले पनि उचित सल्लाह, सुझाव र सूचना प्रवाह गर्नु पर्दछ । प्रयोगहिन व्याट्रीहरुलाई पनि पुनर्प्रशोधन गरेर तिनबाट विभिन्न नयाँ वस्तुहरु बनाउन सकिन्छ ।

**ग्रामिण कृषि र उद्यमको विकास :** कोरोनाको महामारीले गर्दा विश्व अर्थतन्त्र नै सुस्ताएर मलिन भएको यो बेला लाखौँको संख्यामा विदेश गएका कामदारहरु गाउँघर फर्कने करिव करिव पक्का पक्की भएको छ । यस्तो अवस्थामा तिनलाई आआफ्नै गाउँघरमा गएर बाँझो रहेका जग्गाहरुमा खेतीपाती गर्न विभिन्न राहतका प्याकेजहरु सहित प्रेरित गर्न सके मुलुकमा कृषिको पनि विकास हुने, हरियाली पनि बढ्ने, स्वरोजगारीले गर्दा आयको साथै मनोबल पनि बढ्ने र परिवारसँगै जीवनयापन गर्न पाउने सुविधाहरुले गर्दा साँच्चैको संमृद्धि आउने थियो हाम्रो गाउँघरमा ।

**जनस्वास्थ्य र सरसफाई :** हाल कैयन खाता-पिता र शिक्षित व्यक्तिहरुमा पनि जनस्वास्थ्य र सरसफाई वारेका आधारभुत कुराहरुको समेत ज्ञान छैन वा उनिहरु जानी-नजानी अनभिज्ञ भएको अभिनय गर्दछन् भने अशिक्षित व्यक्तिहरुको त कुरै छाडौं । यस्तो स्थितिले महामारी ल्याउने तथा वातावरणलाई निकै क्षति पुऱ्याउने भएकोले घर होस् वा घर बाहिरका खुला ठाउँ, हाटबजार, ढल तथा शहरी क्षेत्रका बजार, रेष्टुरेन्ट, खाद्य तथा पेय पदार्थको विक्रीस्थल, सिनेमा हल, मल तथा डिपार्टमेन्ट स्टोर, सार्वजनिक शौचालय जताततै स्वास्थ्य र सरसफाईको विशेष ध्यान पुऱ्याउनुका साथै यो वारे व्यापक जनचेतना जगाउनु पर्दछ र विद्यालयको शिक्षा सामग्रीमा नै यो विषय पनि सामेल गर्नु पर्दछ ।

**जनचेतनामा अभिवृद्धि :** वातावरण संरक्षण गर्ने काम सरकार र ठुला उद्योगहरुको मात्र हो भन्ने भ्रम समाजमा अझ पनि व्याप्त छ । तर वास्तविकता चाहीं के हो भने सरकार र ठुला उद्योग मात्र होइन, यो कार्यमा प्रत्येक व्यक्तिको बराबर भूमिका रहन्छ । त्यसैले माथि उल्लेखित सबै कार्यहरुले वातावरण सुधार र संरक्षणमा मद्दत पुऱ्याउने र यसको सफलतामा सबै पक्षको सहभागिता हुनुपर्ने भएकोले यस्ता

कुराहरुमा व्यापक जनचेतना अभिवृद्धि हुने कार्यक्रमहरु विभिन्न प्रकारले सञ्चालन गरिनु पर्छ । जनस्तरमा नै वातावरण सुधार र संरक्षण वारेका अन्तर्कृयाहरु नियमित रुपमा सञ्चालन गरिरहनु पर्छ ।

हामीले प्रदुषणका कारण वातावरणमा परेको चरम नकारात्मक प्रभावहरु देखि लिएर आजको वाध्यात्मक परिस्थितिले गर्दा वातावरणमा केही सुधार समेत आएको पनि देख्यौं । यसैगरी वातावरणमा सुधार हुँदै जाओस् भन्ने सबैको मनोकामना भए पनि यो समस्याको समाधानका साथै आर्थिक र सामाजिक गतिविधि ह्वात्तै बढ्न थालेपछि फेरी वातावरणमा नराम्रो प्रभाव पर्न थाल्ने छ । त्यसैले तिनै तहका सरकार, नीजि क्षेत्र, समुदाय, परिवार वा व्यक्ति जस जसले माथि उल्लेखित कार्यहरुमा जे जस्ता तत्कालिन र दिर्घकालिन भूमिकाहरु खेल्न सक्छन्, अरुको मुख नताकी आजैबाट सो कार्य शुरु गरिहाल्नु पर्दछ । हो वजेट, व्यवस्थापन तथा नीति र नियम बनाउन र कार्यान्वयन गर्न त्यति सहज छैन यहाँ, तर यस्ता संवेदनशील कार्यहरु आजै देखि शुरु गर्दा भने हाल सुधार हुँदै आइरहेको वातावरणमा फेरी नकारात्मक प्रभाव पर्ने सम्भावनालाई कम गर्न सकिन्छ ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल वैशाख २६ गते*